# माननीय उपाध्यक्षबाट राष्ट्रिय गौरवका आयोजनाहरुको अनुगमन

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठले बर्दिया र सुर्खेत जिल्लामा निर्माणाधिन राष्ट्रिय गौरवका आयोजनाहरु बबई सिंचाइ आयोजना र भेरी-बबई डाइभर्सन आयोजनाको अनुगमन गर्नुभयो । माघ ६ र ७ गते गरिएको अनुगमनको सिलसिलामा माननीय उपाध्यक्षज्यूले दुवै आयोजनाको स्थलगत निरीक्षण गरी सम्बन्धित आयोजनाका पदाधिकारीहरुसँग हालसम्मको प्रगतिको अवस्था, आयोजनाले भोग्नु परेका समस्या, आयोजना सम्पन्न हुने सम्भावित अवधि लगायतका विषयमा जानकारी लिनु भएको थियो । यसका साथै उहाँले आयोजनाको लक्षित गुणस्तर समेत कायम हुने गरी निर्धारित समय भित्रै कार्य सम्पन्न गर्न दुवै आयोजना सम्वद्ध पदाधिकारीहरुलाई निर्देशन दिनुभएको थियो ।

अनुगमनको क्रममा बबई सिंचाई आयोजनाका आयोजना प्रमुखले सो आयोजनाको हालसम्म पूर्वि क्षेत्रतर्फ ३५.३३ कि.मि. मुख्य नहर, ३५ कि.मि. सहायक नहर, ६०.०३ कि.मि. मुख्य सहायक नहर र ४०.७० कि.मि. उप-सहायक नहर निर्माण सम्पन्न भइसकेको तथा पश्चिमतर्फ बबई नदीमा ५५१ मिटर लम्बाईको साइफन निर्माण, २ वटा हेड रेगुलेटर, १.५ कि.मि. मुख्य नहर र संरक्षणका संरचनाहरु निर्माण गरिएको व्यहोरा जानकारी गराउनु भएको थियो । उहाँले स्वीकृत गुरुयोजनाको रकम रु. ७ अर्ब ६७ करोड ५४ लाख रहेकामा २०७१ साउनको बाढिबाट भएको क्षति र थप तटबन्ध निर्माण गर्नुपर्ने भएकाले लागत  वृद्धि हुन सक्ने सम्भावनाका आधारमा रु. १२ अर्व ५७ करोड ५४ लाख रकम अनुमान गरिएको ब्यहोरा उल्लेख गर्नुभयो । साथै आयोजना प्रमुखले चालु आर्थिक बर्ष २०७३/७४ को पौष मसान्तसम्म बार्षिक लक्ष्यको ३५ प्रतिशत भौतिक प्रगति र ३१ प्रतिशत वित्तीय प्रगति हासिल भएको जानकारी दिनु भएको थियो । उहाँले नहर निर्माणका लागि जग्गा प्राप्ति मुख्य समस्या रहेको र आयोजनाको संस्थागत क्षमता अभिवृद्धि गर्नुपर्ने तथा निर्माण र सञ्चालन एकैसाथ गर्नुपर्ने चुनौति रहेको व्यहोरा अवगत गराउनु भएको थियो ।

माननीय उपाध्यक्षज्यूले राष्ट्रिय गौरवका आयोजनाहरुको सन्दर्भमा जग्गा प्राप्ति, नदिजन्य पदार्थ आपूर्ति, वातावरणीय प्रभाव मूल्याङ्कन र संरक्षण क्षेत्रको निर्देशिका तयारीका लागि नेपाल सरकारको तर्फबाट राष्ट्रिय योजना आयोगका माननीय सदस्यको अध्यक्षतामा एउटा समिति गठन भई कार्य अगाडी वढाइएकाले जग्गा प्राप्ति सहज र शिघ्र हुने व्यहोरा उल्लेख गर्नु भएको थियो । उहाँले आयोजना समयमै सम्पन्न गर्नका लागि आयोजनासम्वद्ध कर्मचारीले असल मनसायले काम गर्दा आउन सक्ने व्यवधान तथा खतराहरुलाई सम्बोधन/सामना गर्न सक्नुपर्ने र स्थानीय उपभोक्ताहरुले सहयोग गर्नुपर्ने विषय उल्लेख गर्नु भएको थियो । त्यसपछि माननीय उपाध्यक्षज्यूबाट आयोजनाको हेडगेट र निर्माण भइरहेको नहर तथा तटवन्ध लगायतका संरचनाहरुको स्थलगत अवलोकन गरी जानकारी लिने कार्य सम्पन्न भएको थियो ।

भेरी-बबई डाइभर्सन आयोजनाको अनुगमनको क्रममा उक्त आयोजनाको निर्माण कार्य विगत एक वर्षअघि मात्र शुरु भई पानी निस्कासन हुने विन्दु र पावरहाउस रहने स्थानसम्मको प्रवेश मार्ग निर्माण सकिएको, सुरुङ्ग खन्ने कार्य प्रारम्भ भएको, कर्मचारी आवास निर्माणको काम सम्पन्न हुनै लागेको, निर्माण सामग्री तयारीका लागि आवश्यक उपकरणहरु जडान भइरहेको र सुरुङ्गको लागि आवश्यक पर्ने मेशिन आयात गर्ने प्रक्रिया शुरु गरिएको जानकारी आयोजना प्रमुखबाट प्राप्त भएको थियो । भेरी नदीको पानी १२ कि.मि. लम्बाइको सुरुङ्गबाट प्रवाह गरी ४८ मे.वा.को विद्युत उत्पादन पश्चात बबई नदीमा मिसाएर सिंचाइको लागि पानीको मात्रा वढाइने सो आयोजनाको कुल लागत अनुमान १० अर्व ५६ करोड रहेको जानकारी आयोजना प्रमुखले दिनु भएको थियो । उहाँले यस आर्थिक वर्षका लागि रु. ८० करोड विनियोजन भएकोमा हालसम्म १ करोड २५ लाख मात्र खर्च भएको, कतिपय शिर्षकमा भुक्तानि दिन बाँकि रहेको र समग्रमा प्रथम चौमासिक भौतिक प्रगति १६.१४ प्रतिशत रहेको

जानकारी गराउनु भएको थियो । आयोजना प्रभावित क्षेत्रमा व्यक्तिगत स्वामित्वको केहि जग्गा मुआब्जा दिएर अधिग्रहण गर्नुपर्ने र वन क्षेत्रका केहि रुखहरु कटानी गर्नुपर्ने सामान्य समस्याहरु रहेको व्यहोरा आयोजना प्रमुखले उल्लेख गर्नुभएको थियो ।

माननीय उपाध्यक्षज्यूले आयोजनाका लागि आवश्यक पर्ने जग्गा प्राप्तिको लागि तत्कालै प्रक्रिया अगाडी वढाउन निर्देशन दिनु भएको थियो । उहाँले सम्माननीय प्रधानमन्त्रीज्यूको सम्वोधनमा समेटिएका कार्यक्रमहरु सम्पन्न गरी पूँजीगत खर्चतर्फका कार्यहरुमा ८० प्रतिशत भन्दा अधिक प्रगति हासिल गर्न निर्देश गर्नुभएको थियो । माननीय उपाध्यक्षज्यूले वन क्षेत्रको रुख कटानीका सन्दर्भमा सहजिकरणका लागि राष्ट्रिय योजना आयोगले सदैव सहयोग गर्ने र यो कार्य सहज र छिटो बनाउन आयोगका माननीय सदस्यको अध्यक्षतामा एउटा समिति गठन भई कार्य अगाडी वढेको विषय उल्लेख गर्नुभएको थियो । त्यसपछि माननीय उपाध्यक्षज्यूबाट आयोजनाको शुरु क्षेत्र र निस्कासन तथा पावरहाउस निर्माण हुने क्षेत्रमा वनिरहेका भौतिक संरचनाहरुको स्थलगत अवलोकन गरी जानकारी लिने कार्य सम्पन्न भएको थियो ।

माघ ६ गते नै माननीय उपाध्यक्षज्यूले राष्ट्रिय योजना आयोग अन्तर्गतको राष्ट्रिय स्वयंसेवक सेवाबाट खटिएका स्वयंसेवक समेत संलग्न भई सेवा प्रवाह गरिरहेको वर्दिया जिल्लास्थित मोतिपुर स्वास्थ्य चौकीको स्थलगत निरीक्षण गरी स्वयंसेवकहरुको कार्यसम्पादनबारे जानकारी लिनु भएको थियो । उहँले निरीक्षणका क्रममा स्वास्थ्य चौकीहरुको सेवा प्रवाहको अवस्था, उनीहरुले भोगिरहेका समस्याहरु र स्वयंसेवकहरुले पुऱ्याइरहेको सहयोगको बिषयमा चासो राख्नु भएको थियो ।

उल्लिखित अनुगमनको कार्यमा राष्ट्रिय योजना आयोगको सचिवालयका कार्यक्रम निर्देशकद्धय शिवराज चौलागाई र यदुनाथ आचार्य समेत संलग्न रहनु भएको थियो ।

२०७३/१०/१०
राष्ट्रिय योजना आयोग

**तस्विरहरुः**




2017/01/20 22:45


2017/01/19 23:37